सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (४) बमोजिमको

वार्षिक प्रतिवेदन, २०८१/८२

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८२ असोज

विषयसूची

कार्यकारी सारांश २

१. परिचय ४

१.१ संक्षिप्त परिचय ४

१.२ दीर्घकालीन सोच ४

१.३ उद्देश्य ४

१.४ रणनीति ४

१.५ कार्यक्षेत्र ५

१.६.१ अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड ११

२. आ.व.२०८१/८२ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धी १६

२.१ नीतिगत तथा कानूनी सुधार १६

२.२ संरचनागत सुधार १७

२.३ योजना तथा कार्यक्रम कार्यान्वयन अवस्था १८

२.४ माइलस्टोन प्रगतिको अवस्था २०

२.५ नवप्रवर्तनात्मक कार्य २१

३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलाप सूचक र उपलब्धिको तुलनात्मक अवस्था २३

३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्थाः २३

३.२ मुलुकको राजस्व परिचालनको समग्र अवस्थाः २४

४. आर्थिक वर्ष २०८१/८२ मा मुलुकको समग्र आर्थिक परिसूचक २५

४.१ आर्थिक वृद्धि र उपभोक्ता मुद्रास्फीति २५

४.२ कराधार विस्तार २७

४.३ सार्वजनिक ऋण २८

४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन २९

४.५ मौद्रिक स्थिति ३०

४.६ मुद्राप्रदाय ३२

४.७ बीमा ३२

४.८ पुँजी बजार ३२

४.९ वैदेशिक व्यापार ३२

४.१० सेवा व्यापार र पर्यटक आगमन ३३

४.११ वैदेशिक रोजगार र विप्रेषण आप्रवाह ३३

४.१२ चालु खाता एवम् शोधनान्तर स्थिति ३४

४.१३ विदेशी विनिमय सञ्चिति ३४

४.१४ वैदेशिक लगानी ३४

५. निष्कर्ष ३५

कार्यकारी सारांश

- अर्थ मन्त्रालयलाई प्राप्त कार्यजिम्मेवारीलाई सम्पादन गर्ने क्रममा आ.व.२०८१/८२ मा मन्त्रालय वा अन्तर्गतबाट वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न भएका क्रियाकलाप र त्यसको प्रगति तथा उपलब्धि लगायतका विषय समावेश गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नेपालको संविधानको धारा-५३ बमोजिमको बार्षिक प्रतिवेदन तयार गर्न सहयोग समेत पुग्ने गरी यो प्रतिवेदन तयार पारिएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कर राजस्व रु.१० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व तर्फ रु.१ खर्ब २८ अर्ब ९४ करोड ४८ लाख र अन्य प्राप्ती १७ अर्ब ३६ करोड ९६ लाख गरी जम्मा रु.११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्य रु.१४ खर्ब १९ अर्ब ३० करोड ३० लाखको तुलनामा ८४.२८ प्रतिशत राजस्व सङ्कलन भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा अनुदान रु.२३ अर्ब ५३ करोड र ऋण रु.१ खर्ब २५ अर्ब ४० करोड गरी कुल रु.१ खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता परिचालन भएको छ। आर्थिक वर्ष २०८१/८२ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.८० प्रतिशत र ऋण ८४.२० प्रतिशत रहेको छ।
- घाटा बजेट परिपूर्तिको लागि आ.व.२०८१/८२ मा ३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण र रु.१ खर्ब २५ अर्ब ४० करोड बाह्य ऋण गरी जम्मा रु.४ खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएकोमा यथार्थ खर्च रु.१५ खर्ब १२ अर्ब ९८ करोड अर्थात ८१.३३ प्रतिशत भएको छ। चालु खर्चतर्फ रु.११ खर्ब ४० अर्ब ६७ करोड विनियोजन भएकोमा ९ खर्ब ५६ अर्ब ३६ करोड अर्थात ८३.८४ प्रतिशत र पुँजिगत तर्फ रु.३ खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकोमा २ खर्ब २३ अर्ब ९४ करोड अर्थात् ६३.५६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड विनियोजन भएकोमा रु.३ खर्ब ३२ अर्ब ६७ करोड अर्थात् ९०.५८ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यातमा ८१.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ भने अघिल्लो वर्ष यस्तो निर्यातमा ३.० प्रतिशतले कमी आएको थियो। त्यसैगरी कुल वस्तु आयातमा १३.३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १.२ प्रतिशतले कमी आएको थियो।

- वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक लगानी आप्रवाहमा ४१.८ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २ करोड पुगेको छ। २०८२ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रु.२६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ।
- आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्रको आकार रु.६१ खर्ब ७ अर्ब २२ करोड पुगेको अनुमान छ।
- २०८२ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६९ लाख ९९ हजार पुगेको छ। २०८१ असारसम्म यस्तो सङ्ख्या ६२ लाख २६ हजार पुगेको थियो।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.२५ करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप ३४०७ करदातालाई यस प्रणालीमा आबद्ध गर्ने लक्ष्य लिइएकोमा ४१११ करदातालाई प्रणालीमा आबद्ध गरिएको छ।

१. परिचय

१.१ संक्षिप्त परिचय

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

१.२ दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

१.३ उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

१.४ रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,

- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

१.५ कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।

- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- सङ्घीय इकाइको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।
- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- सङ्घीय इकाइबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- सङ्घीय इकाइमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।

- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

१.६ नीति,

नेपालको संविधानको धारा ५१ को खण्ड (घ) ले अर्थ, उद्योग र वाणिज्य क्षेत्रका सम्बन्धमा गरिएको नीतिगत व्यवस्था,-

सि.नं	राज्यका नीति	उपलब्धी
१	सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने।	सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न परियोजना विशेष ऋणपत्र अध्ययन प्रतिवेदन तयार भएको । साथै आर्थिक सुधारको मार्गचित्र सहितको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अन्तिम प्रतिवेदन प्राप्त भई कार्यान्वयनको चरणमा रहेको ।
२	अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने।	प्राप्त Sovereign Credit Rating(SCR) मूल्याङ्कन सम्पन्न भएको र प्राप्त Score ले नेपालमा वैदेशिक तथा स्वदेशी निजी लगानी प्रवर्द्धन गर्न सहयोग पुगेको ।

३	सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने।	सहकारी सम्बन्धि ऐन, २०७४ मा संशोधन गरी समसामयिक बनाइएको। सहकारी क्षेत्रको नियमनका लागि राष्ट्रिय सहकारी प्राधिकरण गठन गरिएको।
४	आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वांगीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने।	Fiscal Risk Statement and Strategy तर्जुमा गरी प्रकाशन गरिएको जसबाट सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन, जवाफदेहिता, पारदर्शिता र जिम्मेवारीपन बढाउन सहयोग पुगेको। सम्पत्ति शुद्धिकरण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना (२०८१-२०८६) र ग्रे लिष्टबाट बाहिरिने कार्ययोजना, २०८२ तर्जुमा भई कार्यान्वयनमा रहेकोले स्वच्छ र सुशासित अर्थतन्त्र निर्माणमा सहयोग पुगेको।
५	उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने।	उच्च एवम् दीगो आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व हासिल हुनेगरी तथ्यमा आधारित यथार्थपरक बजेट तर्जुमाको लागि आधार तयार भएको। आर्थिक सर्वेक्षणमा समावेश गरिने आर्थिक, समाजिक परिसूचकहरुले सार्वजनिक स्रोत साधनको न्यायोचित वितरण भए नभएको विश्लेषण तथा मूल्याङ्कन गर्ने आधार तयार गरेको।
६	तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित ।

७	कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने।	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित ।
८	राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने।	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित ।
९	राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने।	Digital भुक्तानीमा मू.अ.करको १० प्रतिशत रकम फिर्ता गर्ने सम्बन्धमा कर फिर्ता दिने वस्तुको पहिचान गरी मू.अ.कर फिर्ता दिने कार्य सूरु भएको। निजीकरण (पहिलो संशोधन) ऐन, २०८१ मिति २०८१/१२/१८ मा जारी भएको, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मिति २०८१/१२/१८ मा जारी भएको,
१०	राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन तथा परिचालन गर्ने।	विदेशी लगानी आकर्षित गर्न दोहोरो करमुक्ती सम्झौता सम्बन्धमा Gap Analysis तथा नेपालको हितलाई केन्द्र विन्दुमा राखी आफ्नै मोडल विकासको सम्बन्धमा विज्ञ मार्फत अध्ययन गरिएको। व्यापार सहजीकरण एवम् आयात निर्यात

		लगायतका भन्सार सम्वन्धित कार्यलाई Paperless, Faceless र Contactless बनाउन सूचना प्रविधि प्रणालीको विकास र स्तरोन्नति गर्ने क्रममा ८ वटा भन्सार कार्यालयहरुमा प्रयोगशाला मोड्युल लागू गरिएको।
११	वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने।	संवैधानिक मर्म अनुसार विकस सहायता परिचालन गर्न विकास सहायता परिचालन नीति, २०८२ तर्जुमा भई कार्यान्वयन गरिएको। विकास सहायता परिचालन गर्न विकास सहायता परिचालन नीति, २०८२ को मुख्य ध्येय राष्ट्रको आवश्यकता र प्राथमिकता अनुरुप उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा वेदेशिक सहायता परिचालन गर्ने रहे बमोजिम आवश्यकतामा आधारित रही ऋण तथा अनुदान सम्झौता गरिने गरिएको। बजेट प्रणालीसंग अन्तरआवद्धता गर्ने गरी बजेटरी व्यवस्था गर्ने पद्धति विकास गरेको। वैदेशिक सहायताका आयोजनाहरुको लागि मिति २०८२/०३/०८ मा अर्थ मन्त्रालयबाट स्वीकृतभई प्रोजेक्ट रेडिनेस फिल्टर कार्यान्वयनमा आएको। जलवायु वित्त परिचालनसम्बन्धि कार्यविधिको मस्यौदा तयार भई सम्बन्धित निकायसँग राय माग गर्ने चरणमा रहेको।
१२	गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुंजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने।	विदेशको आम्दानी स्वदेशमा लगानी अन्तरगत गैरआवासीय नेपालीको पुँजी, प्रविधि र सीपलाई मातृभूमिसँग जोड्ने जन्मस्थलमा

		गैरआवासीय नेपाली अभियान संचालन गरिएको। वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गर्ने कार्यक्रम संचालन गरिएको। गैर आवासीय नेपाली तथा गैर आवसीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको नाममा विदेशी मुद्रामा बचत तथा निक्षेप संकलन गर्ने गरी "क वर्गका बैंकमा खाता खोल्न सक्ने व्यवस्था गरिएको।
१३	औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।	अन्तर-सरकारी वित्त परिषद्को बैठक मिति २०८१/१२/१५ मा सम्पन्न भएको। विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ मिति २०८२/०१/१४ मा स्वीकृत भई कार्यान्वन भईरहेको ।

१.६.१ अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

ऐनहरू

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९

- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- भन्सार महसुल ऐन, २०८१
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

नियमावलीहरू

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४(पन्ध्रौं संशोधन २०८१)
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- बीमा नियमावली, २०८१
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८१

निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- हस्तान्तरण मूल्य (Transfer Pricing) सम्बन्धी निर्देशिका, २०८१

कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुंजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०

- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

नीति, मापदण्ड

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१

२. आ.व.२०८१/८२ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धी

गत आर्थिक वर्षमा बजेट प्रणाली, लेखा प्रणाली र राजस्व प्रणालीमा सुधार, लगानीमैत्री वातावरण निर्माण, वैदेशिक सहायता परिचालनका क्षेत्रमा देहायका कार्यसम्पादन भई संविधानमा व्यवस्था गरिएको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धी हासिल भएका छन् ।

२.१ नीतिगत तथा कानूनी सुधार

आर्थिक वर्ष २०८१/८२ मा जारी भएका अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः

(क) भन्सार महसुल नियमावली, २०८१ नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०८१/०७/२५ मा स्वीकृत भएको,

(ख) साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०८१ नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०८१/०९/०५ मा स्वीकृत भएको,

(ग) आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१ नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०८१/१०/२० मा स्वीकृत भएको,

(घ) बीमा नियमावली, २०८१ नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०८१/१०/२८ मा स्वीकृत भएको,

(ङ) सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत भई मिति २०८१/११/०८ मा नेपाल राजपत्रमा प्रकाशन भएको,

(च) सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन, २०८१ मिति २०८१/१२/०३ मा जारी भएको,

(छ) निजीकरण (पहिलो संशोधन) ऐन, २०८१ मिति २०८१/१२/१८ मा जारी भएको,

(ज) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन, २०८१ मिति २०८१/१२/१८ मा जारी भएको,

(झ) आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मिति २०८१/१२/१८ मा जारी भएको,

(ञ) वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ सङ्घीय संसद सचिवालयमा मिति २०८२।०१।०३ मा दर्ता भएको,

(ट) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२।०२।२२ मा विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयकको सिद्धान्त स्वीकृत भएको,

(ठ) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ मिति २०८२/०१/१४ मा स्वीकृत भएको,

(ड) मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२, अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२, भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२, आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२, भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२, मदिरा (चौथो संशोधन) नियमहरु, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको,

(ढ) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२।०३।११ मा सम्पत्ति व्यवस्थापन सम्बन्धी विधेयकको सिद्धान्त स्वीकृत भएको,

(ण) आर्थिक ऐन, २०८२, विनियोजन ऐन, २०८२ र राष्ट्र ऋण उठाउने ऐन, २०८२ मिति २०८२/०३/३० मा प्रमाणीकरण भएको,

(त) सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य सञ्चालन निर्देशिका, २०८२ मिति २०८२/०२/०९ मा स्वीकृत भएको,

(थ) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२।०३।११ मा सम्पत्ति व्यवस्थापन सम्बन्धी विधेयकको सिद्धान्त स्वीकृत भएको,

(द) निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२ मिति २०८२/०३/०५ मा कानून, स्वीकृत भएको।

२.२ संरचनागत सुधार

- अर्थ मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न भएको। नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण पश्चात् अर्थ मन्त्रालय र अन्तर्गतको संगठन संरचनामा कुल ११६ दरबन्दी कटौती भई वार्षिक करिब ३ करोड ९० लाख खर्च कटौती हुने देखिएको।
- यस मन्त्रालय र अन्तरगतको निकायहरुको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने विषय मन्त्रिपरिषद् बैठक संख्या ६/०८२ मिति २०८२/१/३१ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार सुख्खा बन्दरगाह कार्यलय पर्सालाई खारेज गरी उक्त कार्यालयको संगठन संरचना र दरबन्दी बिरगंज भन्सार कार्यालय पर्सामा समायोजन गरिएको। दार्चुला भन्सार कार्यालयको स्तरोन्नति भएको। पोखरा विमानस्थल भन्सार कार्यालय सञ्चालनमा ल्याईएको।

- आन्तरिक राजस्व विभाग अन्तरगत मध्यमस्तरीय करदाता कार्यालय १ थप गरिएको साथै साबिकमा कायम रहेको ३ वटा करदाता सेवा कार्यालयहरु(बर्दिबास, खैरनी र गल्छी) लाई आन्तरिक राजस्व कार्यालयहरुमा स्तरोन्नती गरिएको।

२.३ योजना तथा कार्यक्रम कार्यान्वयन अवस्था

- अन्तर निकाय समन्वय मार्फत राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन राजस्व चुहावट नियन्त्रण समितिहरुको बैठक बसी चोरी निकासी पैठारी नियन्त्रण रणनीति अवलम्बन गरिएको।
- भन्सार मूल्याङ्कन सुधार र अनलाईन मूल्याङ्कन डाटाबेस निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाता छनौट भई पहिलो चरणको कार्य प्रारम्भ भइसकेको।
- WCO को सहयोगमा तेस्रो चरणको Customs Integrity Perception Survey सम्पन्न गरिएको।
- ADB सँगको सहकार्यमा परामर्शदाता छनौट भएको छैठौं योजनाको Mid Term Review र सातौं Customs Reform Modernization Plan को आधारपत्र तयार भएको।
- भन्सार जोखिम व्यवस्थापन प्रणालीलाई अझ प्रभावकारी बनाउन ASYCUDA प्रणालीबाट संकलित सुचनाको विश्लेषण गरी Risk Recommendation/Instructions देखाउने प्रणाली “Customs Risks Management System(CRMS) ’’ विकास गरिएको। हाल यो प्रणाली भन्सार विभागको अनुगमन शाखाबाट परीक्षण भइरहेको।
- लामो समयदेखि वीरगञ्ज सुख्खा बन्दरगाहमा रहेका कन्टेनरहरूको व्यवस्थापनका सम्बन्धमा आर्थिक विधेयक मार्फत जफत भएका कन्टेनरहरुको नीतिगत व्यवस्था मिलाइएको। जफत गरिएका वस्तु राखिएका (१८० थान) को सन्दर्भमा वीरगञ्ज महानगरपालिका मार्फत सडेगलेका वस्तुको Disposal को काम भइरहेको।
- दोहोरो करमुक्ती सम्झौता सम्बन्धमा GAP Analysis तथा नेपालको हितलाई केन्द्र विन्दुमा राखी आफ्नै मोडल विकासको सम्बन्धमा विज्ञ मार्फत अध्ययन गरिएको।
- Digital भुक्तानीमा मू.अ.करको १० प्रतिशत रकम फिर्ता गर्ने सम्बन्धमा कर फिर्ता दिने वस्तुको पहिचान गरी मू.अ.कर फिर्ता दिने कार्य सूरु भएको।
- करदाता र कर प्रशासनले प्रयोग गर्ने सूचना प्रविधि प्रणाली बिच अन्तरआवद्धता कायम गर्नका लागि प्रणाली परिमार्जन गरिएको।
- निकासीका लागि आवश्यक सबै कागजात स्वचालित प्रणाली मार्फत सम्प्रेषण गर्ने व्यवस्था ASYCUDA World (NECAS) प्रणाली लागु भएका सबै भन्सारहरुमा लागु भएको।
- भन्सारका कार्यलाई Paperless, Faceless र Contactless बनाउन सूचना प्रविधि प्रणालीको विकास र स्तरोन्नति गर्ने क्रममा ८ वटा भन्सार कार्यालयहरुमा प्रयोगशाला मोड्युल लागु गरिएको।

- निकासी तथा पैठारीकर्तालाई प्रज्ञापन पत्रको मुख्य-मुख्य चरणको जानकारी इमेल मार्फत गराउने प्रणाली कार्यान्वयनमा ल्याईएको।
- QR Code सहितको प्रज्ञापनपत्र जारी हुने व्यवस्थाको विकास गरी लागू गरिएको।
- तीन तहका विद्युतीय प्रणालीहरु CGAS र Sutra, FMIS र Sutra बीच अन्तर आबद्धता कायम गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को असार महिनासम्म रु.३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण परिचालन गरिएको।

तालिकाः १ आर्थिक वर्ष २०८१/८२ को अर्थ मन्त्रालय वा अन्तर्गतको बजेट र खर्च (रु.हजारमा)

आ.व.२०८१/८२			आ.व.२०८१/८२	आ.व.२०८०/८१
विवरण	**विनियोजन**	**खर्च**	**खर्च प्रतिशत**	**खर्च प्रतिशत**
चालु	२९२२४०	१२६११८	४३.१६	४३
पुँजीगत	१३७९५८	२४४०३	१७.६९	१८
जम्मा	**४३०१९८**	**१५०५२१**	**३४.९८**	**३५**

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय, २०८२

तालिकाः २ मन्त्रालय वा अन्तर्गतको बेरूजु फछ्यौंट तथा प्रगति (रु.लाखमा):

महालेखा परीक्षकको कार्यालयको ६१औं प्रतिवेदन अनुसार कायम रहेको बेरुजु रु.१११ अर्ब रहेकोमा मिति २०८२/३/३२ सम्म तपसिल बमोजिम रु.१० खर्ब ७४ करोड ७० लाखको बेरुजु सम्परीक्षण, फछ्यौंट र लगत कट्टा भएको :

क्र.सं.	**निकाय**	**सम्परीक्षण भएको रकम (रु.लाखमा)**
१	अर्थ मन्त्रालय	३०९
२	आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरू	९६८१३
३	भन्सार विभाग र अन्तर्गतका कार्यालयहरू	७६३
४	महालेखा नियन्त्रक कार्यालय	९५८५
	जम्मा रकम	**१०७४७०**

स्रोतः प्रशासन महाशाखा, अर्थ मन्त्रालय, २०८२

२.४ माइलस्टोन प्रगतिको अवस्था

अर्थ मन्त्रालयलाई आर्थिक वर्ष २०८१/८२ मा जिम्मेवारी तोकिएका १३७ वटा माइलस्टोनहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आधार र कारण सहित संशोधन एवं हटाई दिन अनुरोध गरे बमोजिम २२ वटा माइलस्टोनहरु हटाई/घटाई बांकी ११५ वटा माइलस्टोनहरु रहेकोमा ६५ वटा माइलस्टोनहरु सम्पन्न भएका छन्। यस आर्थिक वर्षमा ४५ वटा माइलस्टोन कार्य शुरु भएर पनि सम्पन्न भएका छैनन् भने ५ वटा माइलस्टोनहरु विविध कारणबस यस आर्थिक

वर्षमा शुरुनै हुन सकेन। यस आर्थिक वर्षमा शुरुनै हुन नसकेका माइलस्टोन र कार्य शुरु भएर सम्पन्न नभएको चालु अवस्थामा रहेका केही माइलस्टोनलाई पुनः माइलस्टोनमा समावेश गरिएको छ भने बाँकी लाई चालु आर्थिक वर्षभित्र सम्पन्न गर्नेगरी नियमित कार्य योजनामा समावेश गरिएको छ। कार्य शुरु नभएका माइलस्टोनका विवरण देहाय बमोजिम रहेका छन्:

- लगानीकर्ता संरक्षण कोष उपयोगमा ल्याउन कानुन संशोधनको मस्यौदा मन्त्रिपरिषद्मा पेश गर्ने।
- दोहोरो कर मुक्ति संझौताको मोडेल विकास गर्न पहिचान भएका देशसँग वार्ता शुरू गर्ने।
- मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल आयोजना तर्फः रुख गणना / लगत संकलन (Forest Census) क्रियाकलाप अन्तर्गत रहेको वृक्षारोपणका लागि सेवा प्रदायक छनोट र परिचालन गर्ने कार्य।
- निकासी वा पैठारीसँग सम्बन्धित अनुमतिपत्र, इजाजतपत्र, सिफारिशपत्र वा प्रमाणपत्र जारी गर्न थप १३ निकायमा LPCO Module कार्यान्वयन गर्ने।
- नेपाल राष्ट्र बैङ्क र वाणिज्य बैङ्कहरुबाट विदेशी विनिमय नियन्त्रण(वि.वि.नि.) सम्बन्धी सेवाहरु प्राप्त गर्न BBN Module कार्यान्वयन गर्ने।

तालिकाः ३ माइलस्टोनको प्रगति

विवरण	संख्या	प्रतिशत
सम्पन्न माइलस्टोन	६५	५६.५२
काम भइरेहका माइलस्टोन (चालु)	४५	३९.१३
शुरु नभएका माइलस्टोन	५	४.३५
जम्मा	**११५**	**१००**

२.५ नवप्रवर्तनात्मक कार्य

- भन्सार विभाग अन्तर्गत Lab Module कार्यान्वयनमा आएको। प्रयोगशाला उपकरण खरिदको लागि सूचना प्रकाशित भई टेन्डर Evaluation को क्रममा रहेको। Lab सम्बन्धि Training सञ्चालन भएको,
- Intelligence Unit गठन भई राष्ट्रियस्तरका नियमनकारी निकायहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको,
- Risk Register (Risk Profile, Risk Indicator आदि) अध्यावधिक गरिएको,
- Customs Risk Management System को विकास Machine Learning मा आधारित Risk Recommendation Module विभागको प्रत्यक्ष अनुगमन शाखामा Pilot गरिएको र यसलाई ५ थप भन्सार विन्दुमालागू गर्ने योजना गरिएको,
- मूल्यांकन पुनरावलोकनको लागि Online निवेदन प्रणालीको विकास भएको,
- ०८१।८२ को PCA छनौट कार्यलाई प्रणालीमा आवद्ध गरिएको,

- QR कोड सहितको प्रज्ञापन पत्र जारी हुने व्यवस्थाको विकास गरी लागू गरिएको,
- भन्सार जाँचपासको सन्दर्भमा भएका मुख्य मुख्य चरणको बारेमा सम्बन्धित पैठारीकर्तालाई E-mail तथा SMS को माध्ययमबाट जानकारी दिने व्यवस्था संचालनमा ल्याइएको,
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्बन्धी कार्य सम्पन्न भएको,
- सम्पत्ति शुद्धिकरण तथा आतकंकारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तरकृया कार्यक्रम सम्पन्न भएको,
- विद्युतीय सेवा करको दायरा वृद्धि गर्न सो सम्बन्धी अध्ययन गरी नीतिगत व्यवस्था समेत भएको,
- विभागबाट जारी गरिएका परिपत्र तथा पूर्वदिशहरूलाई एकिकृत कर प्रणालीबाट खोज्न र हेर्न मिल्ने व्यवस्था मिलाईएको,
- कर सम्बन्धी नीति पृष्ठपोषणका लागि विज्ञ मार्फत कर खर्च सम्बन्धी अध्ययन गरिएको,
- दोहोरो करमुक्ती सम्झौता सम्बन्धमा Gap Analysis तथा नेपालको हितलाई केन्द्र विन्दुमा राखी आफ्नै मोडल विकासको सम्बन्धमा विज्ञ मार्पत अध्ययन गरिएको।
- Project Accounting Module तथा Treasury Accounting Module मा स्तोन्नति गरिएको,
- PAMS को स्तरोन्नतीको गरी PAMS-V2 २०८१ श्रावण २० गते देखि तिनै तहको सरकारमा कार्यान्वयनमा लगिएकोमा ३२३७ वटा संघीय कार्यालयहरु, १३५० प्रदेशका कार्यालयहरु र ७५३ स्थानीय तहहरुमा कार्यान्वयनमा आएको,
- SuTRA प्रणालीमा Revenue Module हाल ७२० स्थानीय तहले प्रयोगमा ल्याएको साथै ७५३ स्थानीय तहले भुक्तानी गर्दा विद्युतीय कोष हस्तान्तरण (EFT) Module प्रयोग गरी सोझै भुक्तानी प्राप्तकर्ताको बैंक खातामा रकम जम्मा हुने व्यवस्था मिलाइएको,
- राजश्व सङ्कलन गर्ने विभिन्न ४० भन्दा बढी संघ र प्रदेश अन्तरगतका निकायहरूका प्रणालीहरुलाई RMIS सँग आवद्धता गरिएको । त्यसैगरी संघ र प्रदेशको राजस्वको कारोबार गर्न स्वीकृत प्राप्त १८ वटा बैंकहरुलाई पनि RMIS सँग आवद्धता गरिएको,
- यस कार्यालयको सूचना प्रविधि सम्बन्धी 5 year IT Strategic Plan अर्थ मन्त्रालयवाट स्वीकृत भएको,
- निवृत्तभरण भुक्तानीको लागि निवृत्तभरणको बैंकमा प्रत्येक ६ महिनामा अनिवार्य रुपमा उपस्थित हुनु पर्ने अवस्थाको अन्त्यको लागि सूचना प्रविधिमा आधारित निवृत्तभरण व्यवस्थापन प्रणाली निर्माण गर्न निवृत्तभरण व्यवस्थापन निर्देशिकामा आवश्यक संसोधन गरीएको,
- सार्वभौम क्रेडिट रेटिङ सम्पन्न भएको (रेटिङ्गबाट नेपालको स्कोर BB- देखिएको),
- आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको,

- छिमेकी मुलुकसँग तादात्म्यता कायम गर्न र चोरी पैठारी रोक्न सुनचाँदीको भन्सार दर घटाइएको
- राजस्व चुहावट नियन्त्रण द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको,
- Tax Expenditure Report प्रकाशन गरिएको,
- नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकरण भएको,
- परियोजना विशेष ऋणपत्र अध्ययन प्रतिवेदन तयार भएको,
- आर्थिक सुधारको मार्गचित्र सहितको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अन्तिम प्रतिवेदन प्राप्त भएको,
- Nexus of Hydropower development on GDP in context of Nepal विषयमा अध्ययन गरिएको,
- वैदेशिक रोजगारीमा गई फर्किएका कामदारको अवस्था र सीप उपयोग" विषयक नीति सम्वाद कार्यक्रम गरिएको,
- LDC Graduation सम्बन्धी Smooth Transition Strategy को कार्यन्वयन कार्ययोजना तयार गरिएको,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न जोखिम मूल्याङ्कन कार्य प्रारम्भ भएको,
- प्रोजेक्ट रेडिनेस फिल्टर स्वीकृत भई कार्यान्वयनमा आएको,
- Development Cooperation Report, 2022/023 तयार भै प्रकाशन भएको,
- वैकल्पिक विकास वित्त परिचालन विधेयक मन्त्रिपरिषदबाट स्वीकृत भै संसदमा दर्ता भएको,
- विषयगत सार्वभौम ऋणपत्र (Thematic Sovereign Bonds) जारी गर्ने सम्बन्धमा गर्नुपर्ने सुधारमा विषयमा अन्तर्राष्ट्रिय विषय विज्ञबाट अध्ययन गराइ प्रतिवेदन प्राप्त भएको,

३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलाप सूचक र उपलब्धिको तुलनात्मक अवस्था

३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्थाः

राज्यका निर्देशक सिद्धान्त र नीतिले निर्दिष्ट गरे बमोजिम नीति, कार्यक्रम र आयोजनाहरू समावेश गरी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गरिएको छ। उक्त आर्थिक वर्षका लागि रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट प्रस्ताव गरिएकोमा चालु खर्चतर्फ रु.११ खर्ब ४० अर्ब ६७ करोड अर्थात ६१.३१ प्रतिशत, पुँजिगत खर्चतर्फ रु. ३ खर्ब ५२ अर्ब ३५ करोड अर्थात् १८.९४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९.७५ प्रतिशत विनियोजन भएको थियो।

तालिकाः ४ आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा सङ्घीय सरकारको विनियोजित बजेट र खर्च (रु. करोडमा)

शीर्षक	आ.व.२०८१/८२			आ.व.२०८०/८१			सार्वजनिक खर्चमा भएको वृद्धि %
	वार्षिक विनियोजन	असारसम्मको खर्च	वार्षिक विनियोजनको तुलनामा खर्च %	वार्षिक विनियोजन	असारसम्मको खर्च	वार्षिक विनियोजनको तुलनामा खर्च %	
चालु	११,४०,६७	९,५६,३६	८३.८४	११,४१,७८	९,५२,४२	८३.४	२.९९
पूँजीगत	३,५२,३५	२,२३,९४	६३.५६	३,०२,०७	१,९१,७२	६३.५	१६.१५
वित्तीय व्यवस्था	३,६७,२८	३,३२,६७	९०.५८	३,०७,४५	२,६४,६३	८६.१	२०.९४
जम्मा	**१८,६०,३०**	**१५,१२,९८**	**८१.३३**	**१७,५१,३१**	**१४,०८,७६**	**८०.४**	**८.१५**

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८२

३.२ मुलुकको राजस्व परिचालनको समग्र अवस्थाः

तालिकाः ५ राजस्व सङ्कलनको विवरण, प्रगति र वृद्धिदर (रकम रु. करोडमा)

कर शीर्षक	आ.व.२०८१/८२ को		लक्ष्यको तुलनामा सङ्कलन (%)	आ.व. २०८०/८१ को		लक्ष्यको तुलनामा सङ्कलन (%)	गत आ.व.को तुलनामा वृद्धिदर
	लक्ष्य	प्रगति		लक्ष्य	प्रगति		
भन्सार महशुल	३,०७,३६	२,३०,९१	७५.१२	३,०७,४४	२,०१,०२	६५.३८	१४.८७
मूल्य अभिवृद्धि कर	३,८६,५२	३,४१,९३	८८.४६	४,२५,८९	३,१०,४५	७२.८९	१०.१४
अन्तःशुल्क	१,९४,९६	१,७५,१७	८९.८५	२,०७,२२	१,४६,३५	७०.६३	१९.६९
शिक्षा सेवा शुल्क	४,६६	४,०६	८७.१५	२,८१	३,२६	११६	२४.३६
आयकर	३,९०,७१	२,९७,८१	७६.२२	३,६२,१२	२,८३,४७	७८.२८	५.०६
कर राजस्व जम्मा	**१२,८४,२१**	**१०,४९,८८**	**८१.७५**	**१३,०५,४८**	**९,४४,५६**	**७२.३५**	**११.१५**
अन्य राजस्व (गैरकर) जम्मा	१,३५,०९	१,२८,९५	९५.४५	१,१७,०६	१,१४,३४	९७.६८	१२.७७
कूल राजस्व	**१४,१९,३०**	**११,७८,८२**	**८३.०६**	**१४,२२,५४**	**१०,५८,९०**	**७४.४४**	**११.३३**

विविध प्राप्ति	-	१७,३७	-	-	२३,८५	-	
जम्मा राजस्व/प्राप्ति	१४,१९,३०	११,९६,१९	८४.२८	१४,२२,५४	१०,८२,७५	७६.११	१०.४८

स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८२

तालिकाः ६ कर राजस्वको तुलनात्मक स्थिति (रकम रु. करोडमा)

राजस्व शीर्षक	आ.व. २०८१/०८२ को असुली	आ.व. २०८०/०८१ को असुली	वृद्धिदर (प्रतिशत)
आयकर	२,९७,८१	२,८३,४७	५.०६
मूल्य अभिवृद्धि कर (आन्तरिक)	१,४६,८७	१,३०,१०	१२.८९
मूल्य अभिवृद्धि कर (पैठारी)	१,९५,०७	१,८०,३५	८.१६
अन्तःशुल्क (आन्तरिक)	१,२८,७३	१,०९,२१	१७.८७
अन्तःशुल्क (पैठारी)	४६,४४	३७,१४	२५.०४

स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८२

४. आर्थिक वर्ष २०८१/८२ मा मुलुकको समग्र आर्थिक परिसूचक

४.१ आर्थिक वृद्धि र उपभोक्ता मुद्रास्फीति

- आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्रको आकार रु.६१ खर्ब ४ अर्ब २२ करोड पुगेको अनुमान छ। पछिल्लो दशकको मुलुकको वार्षिक औसत आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहेको छ।
- वार्षिक विन्दुगत आधारमा २०८२ असार महिनामा उपभोक्ता मुद्रास्फीति २.२० प्रतिशत रहेको छ। २०८१ असार महिनामा यस्तो मुद्रास्फीति ३.५७ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा यस्तो मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो। पछिल्लो दशकको औसत उपभोक्ता मुद्रास्फीति ५.६६ प्रतिशत रहेको छ।

- चालु आर्थिक वर्षको बजेटले ६.० प्रतिशतको आर्थिक वृद्विको लक्ष्य राखेको छ। त्यसैगरी, चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीतिलाई ५.५० प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य रहेको छ।

तालिकाः ७ मुलुकको समग्र आर्थिक स्थिति (रु.अर्बमा)

विवरण	इकाई	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०८०/८१	२०८१/८२	
वास्तविक क्षेत्र				
आर्थिक वृद्धि	प्रतिशतमा	३.३५	४.६१	पछिल्लो दशकको औसत आर्थिक वृद्धिदर ४.१८ प्रतिशत रहेको
कृषि	प्रतिशतमा	३.३५	३.२५	
उद्योग	प्रतिशतमा	-०.०३	४.६५	
सेवा	प्रतिशतमा	४.३५	४.२१	
नेपालको अर्थतन्त्रको आकार (Nominal GDP)	रु. अर्बमा	५७०५.१०	६१०७.२२	४.६१
कुल गार्हस्थ्य उत्पादनको संरचना	**प्रतिशतमा**	**१००.००**	**१००.००**	
कृषि	प्रतिशतमा	२५.२	२५.६	३.२५
उद्योग	प्रतिशतमा	१२.४	१२.४	४.६५
सेवा	प्रतिशतमा	६२.४	६२.०	४.२१
कुल पुंजी निर्माण (कुल लगानी)	**रु. अर्बमा**	**९६०.५४**	**९१०.८९**	**-१.३**
कुल स्थिर पुंजी लगानी (स्थिर लगानी	**रु. अर्बमा**	**७७६.०७**	**७८७.३३**	**५.८**
सरकारी	रु. अर्बमा	२३४.२६	२४३.७२	४.०
सार्वजनिक संस्थान	रु. अर्बमा	६३.३७	६४.३९	१.६
निजी क्षेत्र	रु. अर्बमा	४७८.४४	४७९.२२	०.२
कुल गार्हस्थ्य वचत	रु. अर्बमा	३५५.२६	४००.१५	१२.६
कुल राष्ट्रिय वचत	रु. अर्बमा	२०२०.२	२२१३.११	९.५
प्रति व्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१४६७	१५१७	३.४

तालिकाः ८ मुलुकको सार्वजनिक वित्त(रु.अर्बमा)

विवरण	आर्थिक वर्ष					वृद्धिदर (प्रतिशत)	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
सार्वजनिक वित्त							
कुल सरकारी खर्च	११९६.६८	१३१०.००	१४२१.३३	१३९३.४०	१५१२.९८	-०.८८	८.५८
चालु खर्च	८४६.२२	९५४.३२	९९१.५१	९२९.१३	९५६.३६	-३.९४	०.४१
पूँजीगत खर्च	२२८.८४	२१६.२१	२३४.६२	१९२.०३	२२३.९४	-१८.२८	१६.६२

वित्तीय व्यवस्था	१२१.६२	१३९.४७	१९५.२०	२७२.२५	३३२.६७	३५.५७	२२.१९
कुल राजस्व	९३५.८९	१०६६.३५	९५७.३५	१०५८.९०	११७८.८२	१०.६१	११.३२
कर	८७०.११	९८४.३३	८६५.६३	९४४.५७	१०४९.८८	९.१२	११.१५
गैरकर	६५.७८	८२.०१	९१.७२	११४.३३	१२८.९४	२४.६६	१२.७८
वैदेशिक अनुदान	२६.७९	२४.१५	२३.०१	२४.०१	२३.५३	-३.२२	५.५६
बेरुजु र नगद मौज्दात	४०.४३	४८.५०	५३.३०	२३.८५	१७.३७	-५५.२५	-२७.१७
आन्तरिक ऋण लगानी फिर्ता	३.२२	२.९४	११.८१	७.२७	-	-३८.५३	-
सङ्घीय राजस्व	८२४.९५	९३८.२८	८३४.०६	९२९.०५	११७८.८२	११.३९	११.६९
कर	७६१.०६	८५९.१३	७४८.४२	८२०.७०	१०४९.८८	९.६६	१०.७२
गैरकर	६३.८९	७९.१५	८५.६४	१०८.३५	१२८.९४	२६.५२	-१२.७८
सङ्घीय आय	८९५.३९	१०१३.८७	९२२.१९	९८४.१७	९८४.१७	६.७२	०.००
कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा							
कुल सरकारी खर्च	२७.४९	२६.३२	२६.४८	२४.४१	२४.९४		
सङ्घीय राजस्व	१८.९५	१८.८५	१५.५४	१६.२७	१६.९९		
सङ्घीय आय	२०.५७	२०.३७	१७.१८	१७.२४	१६.११		

४.२ कराधार विस्तार

- २०८१ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६२ लाख २६ हजार रहेकोमा २०८२ असारसम्म यस्तो सङ्ख्या ६९ लाख ९९ हजार पुगेको छ। २०८२ असारसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ५१ हजार र अन्त:शुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २५ हजार पुगेको छ।

क्र.सं.	दर्ताको प्रकार	आ.व.२०८०/८१ अषाढ मसान्तसम्म (Only Active)	आ.व. २०८१/८२ को साउन देखि असार मसान्तसम्मको थप	जम्मा करदाता संख्या
१	Business PAN	१९,४४,१०१	२०८४३०	२०,६०,७५८
२	Personal PAN	४२,४८,७०४	६,५४,०१८	४९,०२,७२२
३	W-PAN	३३,३२८	२,५४२	३५,८७०
जम्मा दर्ता		**६२,२६,१३३**	**७,७३,२१७**	**६९,९९,३५०**
३	मू.अ.कर	३,२७,४१७	२४,३१८	३,५१,७३५
४	अन्त:शुल्क	१,१७,३६८	७,६२९	१,२४,९९७

४.३ सार्वजनिक ऋण

- सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। आर्थिक वर्ष २०८१/८२ मा रु.४ खर्ब ५५ अर्ब ३९ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भई २०८२ असार मसान्तमा सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु.२६ खर्ब ६४ अर्ब ४१ करोड पुगेको छ। कुल ऋणमध्ये वाह्य र आन्तरिक ऋणको हिस्सा क्रमशः ५२.६ प्रतिशत र ४७.४ प्रतिशत रहेको छ।
- सङ्घीय सरकारले आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ९९ करोड र बाह्य ऋण रु.१ खर्ब २५ अर्ब ४० करोड गरी जम्मा रु.४ खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋण परिचालन गरेको छ।
- आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋणतर्फ रु.२ खर्ब ४३ अर्ब ९१ करोड र बाह्य ऋणतर्फ रु.४८ अर्ब ५६ करोड बाह्य गरी जम्मा रु.२ खर्ब ९२ अर्ब ४८ करोड सावाँ भुक्तानी भएको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.६० अर्ब २७ करोड र बाह्य ऋणतर्फ रु.९ अर्ब ८३ करोड गरी जम्मा रु.७० अर्ब ११ करोड बराबरको ब्याज भुक्तानी भएको छ। समग्रमा आर्थिक वर्ष २०८१/८२ मा सरकारको कुल ऋण सेवा खर्च (साँवा र ब्याज) रु.३ खर्ब ६२ अर्ब ५९ करोड रहेको छ।
- सार्वजनिक ऋण परिचालनमा वृद्धि हुँदै गएसँगै ऋण सेवा खर्चमा समेत वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को लागि रु.३ खर्ब २ अर्ब बराबरको साँवा र रु.१ खर्ब ८ अर्ब बराबरको ब्याज गरी ऋण सेवातर्फ जम्मा रु.४ खर्ब ११ अर्ब विनियोजन भएको छ। ऋणको लागत एवम् परिमाणलाई दृष्टिगत गर्दै सार्वजनिक ऋणको विद्यमान स्थिति एवम् ऋण सेवा खर्चको प्रवृत्तिको आधारमा आगामी आर्थिक वर्ष २०८३/८४ मा ऋणसेवा तर्फको खर्च रु.४ खर्ब ५८ अर्ब नाघ्ने अनुमान छ।

तालिकाः १० सार्वजनिक ऋण र विकास सहायता प्रतिवद्धता

विवरण	इकाई	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०८०/८१	२०८१/८२	
सार्वजनिक ऋण र ऋण सेवा खर्च				
कुल सार्वजनिक ऋण	रु.अर्बमा	२४३४.५७	२६६४.४२	९.४
आन्तरिक	रु.अर्बमा	११७६.९९	१२६३.०६	७.३
बाह्य	रु.अर्बमा	१२५७.५९	१४०१.३५	११.४
ऋणको सावाँ भुक्तानी	रु.अर्बमा	२२३.३५	२९२.४८	३१.०
आन्तरिक	रु.अर्बमा	१८२.६२	२४३.९१	३३.६
बाह्य	रु.अर्बमा	४०.७२	४८.५७	१९.३

ऋणको ब्याज भुक्तानी	**रु.अर्बमा**	**८२.०३**	**७०.११**	**-१४.५**
आन्तरिक	रु.अर्बमा	७२.७७	६०.२८	-१७.२
बाह्य	रु.अर्बमा	९.२६	९.८३	६.१
ऋण सेवा खर्च	**रु.अर्बमा**	**३०५.३८**	**३६२.५९**	**१८.७**
आन्तरिक	रु.अर्बमा	२५५.३९	३०४.१९	१९.१
बाह्य	रु.अर्बमा	४९.९९	५८.४०	१६.८
वैदेशिक सहायता प्रतिबद्धता				
कुल वैदेशिक सहायता प्रतिबद्धता	**रु.अर्बमा**	**१२७.८९**	**२७२.५१**	**११३.१**
अनुदान	रु.अर्बमा	४२.९८	५६.९७	३२.५
ऋण	रु.अर्बमा	८४.९१	२१५.५४	१५३.८

४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आर्थिक वर्ष २०८१/८२ मा अनुदान रु.२३ अर्ब ५३ करोड र ऋण रु.१ खर्ब २५ अर्ब ४० करोड गरी कुल वैदेशिक सहायता परिचालन रु.१ खर्ब ४८ अर्ब ९३ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा अनुदान रु.२४ अर्ब १ करोड र ऋण रु.१ खर्ब २५ अर्ब ६६ करोड गरी कुल वैदेशिक सहायता परिचालन रु.१ खर्ब ४९ अर्ब ६७ करोड रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.८ प्रतिशत र ऋण ८४.२ प्रतिशत रहेको छ।

तालिकाः ११ मुलुकको बाह्य क्षेत्र

विवरण	इकाई	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०८०/८१	२०८१/८२	
बाह्य क्षेत्र (आर्थिक वर्ष २०८१/८२)				
वस्तु निकासी	रु. अर्बमा	१५२.३८	२७७.०३	८१.८
वस्तु पैठारी	रु. अर्बमा	१५९२.९९	१८०४.१२	१३.३
वस्तु व्यापार घाटा	रु. अर्बमा	१४४०.६	१५२७.१	६.०
कुल वस्तु व्यापार	रु. अर्बमा	१७४५.४	२०८१.२	१९.२
कुल व्यापारमा निकासीको हिस्सा	प्रतिशतमा	८.७	१३.३	
बाह्य क्षेत्र (वार्षिक तथ्याङ्कमा आधारित)				
शोधनान्तर स्थिति	रु. अर्बमा	५०२.४९	५९४.५४	१८.३
चालु खाता सन्तुलन	रु. अर्बमा	२२१.७१	४०९.२०	८४.६
विप्रेषण आप्रवाह	रु. अर्बमा	१४४५.३२	१७२३.२७	१९.२
नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या	सङ्ख्यामा	४६०१०२	५०५९५७	१०.०

विदेशी विनिमय सञ्चिति	रु. अर्बमा	२०४१.१०	२६७७.६८	३१.२
सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)	महिना	१३.०	१५.४	१७.९
पर्यटक आगमन	हजारमा	११२८	११४७.८	१.७
भ्रमण आय	रु. अर्बमा	८२.३	८८.७	७.७
वैदेशिक लगानी आप्रवाह	रु. अर्बमा	०.०	०.०	-
कुल वस्तु तथा सेवा निकासी	रु. अर्बमा	४३५.१	५४७.३	२५.८
कुल वस्तु तथा सेवा पैठारी	रु. अर्बमा	१८७८.७	२०९०.९	११.३
खुद वस्तु तथा सेवा आय	रु. अर्बमा	-१.४	-१.५	६.९

४.५ मौद्रिक स्थिति

- बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप बढेको छ। निक्षेपको तुलनामा कर्जा प्रवाहमा भएको वृद्धि न्यून रहेको छ। वार्षिक बिन्दुगत आधारमा २०८२ असार महिनामा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप १२.६ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ८.४ प्रतिशतले बढेको छ। साथै, कुल आन्तरिक कर्जा ७.३ प्रतिशतले बढेको छ।
- ब्याजदर क्रमशः कम हुँदै गएको छ। २०८२ असार मसान्तमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९५ प्रतिशत, औसत अन्तर बैङ्क ब्याजदर २.९६ प्रतिशत, वाणिज्य बैङ्कको औसत आधार दर ६.०२ प्रतिशत, निक्षेपको भारित औसत व्याजदर ४.१९ प्रतिशत र कर्जाको भारित औसत व्याजदर ७.८५ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा बाणिज्य बैङ्कको निक्षेप र कर्जाको भारित औसत व्याजदर क्रमशः ५.७७ प्रतिशत र ९.९३ प्रतिशत रहेको थियो।
- वित्तीय पहुँचमा वृद्धि हुँदै गएको छ। बैङ्क तथा वित्तीय संस्थाहरु गत आर्थिक वर्ष वाणिज्य बैङ्क २०, विकास बैङ्क १७ वित्त कम्पनी १७ लघुवित्त वित्तीय संस्था ५२ र पूर्वाधार विकास बैङ्क १ गरी २०८२ असारसम्म १०७ नै बैङ्क तथा वित्तीय संस्था रहेका छन्। साथै, बैङ्क तथा वित्तीय संस्थाको शाखा संख्या ११,५२६ हुन पुगेको छ।

तालिकाः १२ मुलुकको मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र

विवरण	इकाई	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०८०/८१	२०८१/८२	
मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र				
बैङ्क तथा वित्तीय संस्था	सङ्ख्यामा	१०७	१०७	-
बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्चाल	सङ्ख्यामा	११५३०	११५२६	०.०
वाणिज्य बैङ्क पुगेको स्थानीय	सङ्ख्यामा	७५२	७५३	-

तह				
कुल निक्षेप	रु. अर्बमा	६४५२.३९	७२६३.८७	१२.६
कुल कर्जा	रु. अर्बमा	५१६७.१७	५५९२.०७	८.२
निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा	रु. अर्बमा	५०७३.९७	५४९७.७०	८.४
विस्तृत मुद्राप्रदाय	रु. अर्बमा	६९७४.०६	७८४५.६१	१२.५
सङ्कुचित मुद्रा प्रदाय	रु. अर्बमा	९४८.८१	११५७.१९	२२.०
निष्कृय कर्जा	कुल कर्जा लगानीको प्रतिशतमा	४.४५	४.६२	
विपन्न क्षेत्र कर्जा	कुल कर्जा लगानीको प्रतिशतमा	६.०४	५.५८	
भारित औसत ब्याजदर (वाणिज्य बैङ्क)				
आधार दर	प्रतिशतमा	८.००	६.०२	
निक्षेप	प्रतिशतमा	५.७७	४.१९	
कर्जा	प्रतिशतमा	९.९३	७.८५	
ब्याजदर				
९१-दिने ट्रेजरी बिल	प्रतिशतमा	३.००	२.९५	
औसत अन्तर बैङ्कदर	प्रतिशतमा	२.९९	२.९६	

तालिकाः १४ समग्र मुल्य स्थिति

विवरण	इकाई	आर्थिक वर्ष		वृद्धिदर (प्रतिशतमा)
		२०८०/८१	२०८१/८२	
समग्र मूल्य स्थिति (वार्षिक तथ्याङ्कमा आधारित)				
उपभोक्ता मुद्रास्फीति (असार महिनाको)	प्रतिशतमा	३.५७	२.२	
खाद्य तथा पेय पदार्थ	प्रतिशतमा	४.०४	-१.१९	
गैरखाद्य तथा सेवा क्षेत्र	प्रतिशतमा	३.२६	४.१२	
औसत उपभोक्ता मुद्रास्फीति (१२ महिनाको)	प्रतिशतमा	५.४४	४.०६	
थोक मुद्रास्फीति (असार महिनाको)	प्रतिशतमा	४.४१	१.०५	

औसत थोक मुद्रास्फीति (१२ महिनाको)	प्रतिशतमा	३.९२	३.८४	
तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (असार महिनाको)	प्रतिशतमा	३.५६	२.६३	
औसत तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (१२ महिनाको)	प्रतिशतमा	५.०३	२.८५	

(* अनुमानित)

४.६ मुद्राप्रदाय

- आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा उक्त मुद्राप्रदाय १२.९ प्रतिशतले बढेको थियो।

४.७ बीमा

- बीमा व्यवसायमा भएको विस्तार एवम् बीमाप्रति नागरिकको सचेतनामा अभिवृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ बीमाको दायरामा आएको जनसङ्ख्या ४८.३३ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.२७ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा कुल जीवन बीमालेख सङ्ख्या १२.६ प्रतिशतले बढेको छ भने निर्जीवन बीमालेख सङ्ख्या ११.८ प्रतिशतले बढेको छ।
- आर्थिक वर्ष २०८१/८२ मा बीमा प्रिमियम सङ्कलन १४.८ प्रतिशतले बढेर रु.२ खर्ब २७ अर्ब १९ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रु.१ खर्ब ९७ अर्ब ९७ करोड रहेको थियो।

४.८ पुंजी बजार

- २०८१ असारमसान्तमा २२४०.४१ रहेको नेप्से सूचकाङ्क २०८२ असार मसान्तमा यस्तो सूचकाङ्क २७९४.७९ बिन्दु कायम भएको थियो।
- पुंजीबजारमा क्रमशः सुधार देखिएसँगै बजार पुंजीकरणमा समेत वृद्धि हुँदै गएको छ। २०८२ असार मसान्तमा धितोपत्र बजार पुंजीकरण रु.४६ खर्ब ५६ अर्ब ९९ करोड पुगेको छ। २०८१ असार मसान्तमा यस्तो पुंजीकरण रु.३५ खर्ब ५३ अर्ब ६८ करोड रहेको थियो।

४.९ वैदेशिक व्यापार

- आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२७७ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यातमा ३.० प्रतिशतले कमी आएको थियो। गन्तव्यका

आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ११७.८ प्रतिशत, १.६ प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको छ। यस आर्थिक वर्षमा भारततर्फ भएको निर्यात उल्लेखनीय रुपले बढेको छ।

- आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८०४ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयातमा १.२ प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ।

४.१० सेवा व्यापार र पर्यटक आगमन

- आर्थिक वर्ष २०८१/८२ मा खुद सेवा आय रु.९० अर्ब ९४ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय रु.५५ अर्ब ८६ करोडले घाटामा रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा भ्रमण आय ७.७ प्रतिशतले वृद्धि भई रु.८८ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आय रु.८२ अर्ब ३३ करोड रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा भ्रमण व्यय १८.१ प्रतिशतले वृद्धि भई रु.२२३ अर्ब ७२ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.१३८ अर्ब ४८ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो व्यय रु.१८९ अर्ब ४३ करोड रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ (अगष्ट देखि जुलाईसम्मको) मा ११ लाख ४७ हजार पर्यटक नेपाल भित्रिएका छन् जुन आर्थिक वर्ष २०८०/८१ को सोही अबधिको तुलनामा १.७ प्रतिशतले बढी हो।

४.११ वैदेशिक रोजगार र विप्रेषण आप्रवाह

- आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनःश्रम स्वीकृति लिएका नेपाली कामदारको सङ्ख्या आर्थिक वर्ष २०८०/८१ को तुलनामा १० प्रतिशतले वृद्धि भई ५ लाख ५ हजार रहेको छ। आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा यस्तो सङ्ख्या ४ लाख ६० हजार रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा केही वृद्ध भए सँगै विप्रेषण आप्रवाह पनि बढेको छ। यस अवधिमा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब २३ अर्ब २७ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भएको थियो।

४.१२ चालु खाता एवम् शोधनान्तर स्थिति

- आर्थिक वर्ष २०८१/८२ मा चालु खाता रु.४ खर्ब ९ अर्ब २० करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु.२ खर्ब २१ अर्ब ७१ करोडले बचतमा रहेको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा शोधनान्तर स्थिति रु.५ खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा शोधनान्तर स्थिति रु.५ खर्ब २ अर्ब ४९ करोडले बचतमा रहेको थियो।

४.१३ विदेशी विनिमय सञ्चिति

- २०८१ असार मसान्तमा रु.२० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१.२ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८२ असार मसान्तमा २७.७ प्रतिशतले वृद्धि भई १९ अर्ब ५० करोड पुगेको छ।
- आर्थिक वर्ष २०८१/८२ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३०.६ प्रतिशतले वृद्धि भई रु.२४ खर्ब १४ अर्ब ६४ करोड पुगेको छ।
- आर्थिक वर्ष २०८१/८२ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको देखिएकोमा २०८२ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल ग्रार्हस्थ उत्पादन कुल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपातहरु क्रमशः ४३.८ प्रतिशत, १२८.१ प्रतिशत र ३४.१ प्रतिशत रहेका छन् ।२०८१ असार मसान्तमा उक्त अनुपातहरु क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए।

४.१४ वैदेशिक लगानी

- आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक लगानी आप्रवाह ४१.८ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा रु.८ अर्ब ४७ करोड बराबरको वैदेशिक लगानी मुलुकमा भित्रिएको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी रु.७४ अर्ब ९७ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा रु.६१ अर्ब ९० करोड बराबरको विदेशी लगानी स्वीकृत भएको थियो। २०८२ असारसम्ममा रु.६ खर्ब ५१ अर्ब ४५ करोड बराबरको कुल विदेशी लगानी उद्योग विभागबाट स्वीकृत भएको छ।

५. निष्कर्ष

अर्थ मन्त्रालयले नेपालको संविधानको धारा ५१ को खण्ड (घ) मा उल्लिखित नीतिबाट मार्गदर्शित भई नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बाट तोकिएको कार्यक्षेत्रमा मन्त्रालयको दीर्घकालीन सोच तथा सो अनुरुपको उद्देश्य हासिल गर्नका लागि लिइएका रणनीति अवलम्बन गरी दक्षतापूर्वक कार्यसम्पादन गरेको छ। देशको अर्थतन्त्रलाई सबल एवम् सुदृढ बनाउनका लागि नीतिगत, संरचनागत तथा कार्यगत सुधारका क्षेत्रमा मन्त्रालय वा मातहतबाट सम्पादन हुने क्रियाकलाहरू निर्देशित गर्दै आइरहेको छ।